नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**कृषि विभाग**
# राष्ट्रिय फलफूल विकास केन्द्र
**कीर्तिपुर, काठमाडौं**

Web: www.ncfd.gov.np
Email:ncfd.gov.np@gmail.com
फो.नं. ०१-५९०५०५३, ५९०५०४२

## सुन्तलाजात फलफूलको PCR परिक्षणमा पोजिटिभ नतिजा आएका नर्सरीहरुलाई स्वस्थ माउबोट सहित नर्सरी सुदृढीकरण पुरक अनुदान सहयोग कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

**( सूचना प्रकाशन मितिः- २०८२/१०/ ११ )**

राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुरको चालु आ.व.२०८२/८३ को स्वीकृत कार्यक्रम अनुसार सुन्तलाजात फलफूलका निजी नर्सरीहरुको माउबोटमा गरिएका PCR परिक्षणबाट पोजिटिभ देखिएका माउबोट हटाई स्वस्थ माउबोट पुन:स्थापनाका लागि पुरक अनुदान सहयोग गर्ने कार्यक्रम रहेको छ। सो कार्यक्रममा सहभागी हुन इच्छुक नर्सरी धनीहरुबाट तपशिल बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन आह्वान गरिएको छ । साथै, उक्त निवेदन यस केन्द्रको इमेल ncfd.gov.np@gmail.com मार्फत समेत पठाउन सकिनेछ।

आवेदनका साथ संलग्न गर्नु पर्ने कागजात तथा मापदण्डहरु

१. जालीघर भित्र भएको सुन्तलाजात फलफूलको माउबोट PCR परिक्षणमा पोजिटिभ देखिएको हुनुपर्ने । (आ.व. २०८१/८२ र २०८२/८३ को परिक्षणमा)

२. फलफुल नर्सरी नियमानुसार दर्ता, नविकरण भई कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत हुनुपर्ने ।

३. PCR परिक्षणमा पोजिटिभ देखिएको माउबोट हटाइ पुन: स्थापना गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्ने।

४. नर्सरी सुदृढिकरणका क्रियाकलाप संचालन गर्ने।

| क. सं | कार्यक्रमको नाम | केन्द्रबाट बेहोरिने (बढी) | कृषकबाट बेहोरिने (कम्तीमा ) | सख्या |
|---|---|---|---|---|
| १ | सुन्तलाजात फलफूलको PCR परिक्षणमा पोजिटिभ नतिजा आएका नर्सरीहरुलाई स्वस्थ माउ बोट सहित नर्सरी सुदृढिकरण प्याकेज सहयोग | ५०% | ५०% | मागको आधार र उपलब्ध बजेटको परिधिभित्र रहने गरी प्राथमिकताका आधारमा छनौट गरिने |

महेश चन्द्र आचार्य
प्रमुख